# अष्टाध्यायी व्याकरणमा तथ्याधारित नियमन

**दीपकप्रसाद ढकाल (उपप्रा.), नेपाली केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर**
Email : deepakdhakal973@gmail.com

**लेखसार**

प्रस्तुत लेखमा पाणिनि कृत् अष्टाध्यायी व्याकरणमा प्रयोग गरिएको तथ्यको संश्लेषणात्मक प्रविधि अध्ययन गरिएको छ । आष्टाध्यायी व्याकरण वैदिक संस्कृत र लौकिक संस्कृतका तथ्यमा आधारित नियमन हो । भाषाका तथ्यमा भाषिक ध्वनि, वर्ण, रुप, रुप सिद्ध, पद विभाग, वाक्य आदि पर्छन् । यस्ता तथ्यहरूलाई भाषाबाट सङ्कलन गरी तिनका बिचमा रहेका साझापन र तिनका आधारमा हुने नियम नै तथ्याधारित नियमन हो । प्रस्तुत लेख पुस्तकालय कार्यबाट प्राप्त सामग्रीका आधारमा तयार गरिएको हो । पाणिनिको अष्टाध्यायी व्याकरण यस लेखमा प्राथमिक सामग्री हो भने अष्टाध्यायीका टीका, वार्तिक, भाष्य आदि द्वितीय सामग्री हुन् । विश्लेषणबाट अष्टाध्यायी व्याकरण तथ्याधारित नियमनमा आधारित व्याकरण भएको निष्कर्ष प्राप्त भएको छ । पाणिनिले जेजति नियम विधान गरेका छन् तिनका पछाडि भाषिक तथ्य तथा ती तथ्यका अभिलक्षणगत विशिष्टता नै मुख्य आधार रहेको छ । त्यसैले तथ्याधारित पद्धतिको केन्द्रीयतामा नै अष्टाध्यायी व्यारकण तयार गरिएको निष्कर्ष प्राप्त भएको छ । विश्लेषणका निम्ति अष्टाध्यायी व्याकरणका सूत्र, ती सूत्रको टीका तथा व्याख्या र तिनलाई रुप सिद्धिका क्रममा पूर्व अध्येताले गरेको प्रयोगको सिलसिला मिलाएर सत्यापनको तहमा पुगिएको छ ।

*शब्दकुञ्जी* : अध्याहार, अनुवृत्ति, प्रत्याहार, सम्बद्धक, सम्बन्धन

Article's information : Manuscript received : 2024/11/10, Date of review : 2025/02/28, Date of manuscript acceptance 2025/05/22 Publisher : Department of Nepali, Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar
DOI : https://doi.org/10.3126/vaikharivani.v2i2.79533
Homepage : https://www.nepjol.info/index.php/vaikharivani/index Copy right (c) 2025 @ Vaikharivani
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

अष्टाध्यायी पाणिनिको विशिष्ट व्याकरण कृति हो । पुर्वीय व्याकरण परम्परामा यसको विशिष्ट स्थान छ । पाणिनिले तत्कालीन वैदिक संस्कृत र जनबोलीमा प्रचलनमा रहेको बोलीका भाषिक पदार्थको सङ्कलन गरेर अष्टाध्यायी व्याकरण रचेका हुन् । उनले आफू पूर्वका व्याकरणकार तथा तिनले सङ्कलन गरेका सामग्रीलाई समेत संयोजन गरी अष्टाध्यायी व्याकरण तयार गरेका हुन् । भाषिक सामग्रीमा आधारित भई तयार गरिएकाले यो व्यारकण तथ्याधारित छ भन्ने प्राक्कल्पनालाई यस लेखमा शोधको समस्या बनाइएको छ । लेख तयारीका क्रममा अष्टाध्यायीमा सङ्कलन गरिएका सूत्र प्राथमिक तथा तिनका पूर्वापर सम्बन्ध बारे विश्लेषण गरिएका टीका, वार्तिक, सिद्धान्त कौमदी द्वितीयक हुन् । अष्टाध्यायीका बारेमा प्रशस्त पूर्व

अध्ययन भएका छन् तर भाषिक सामग्री तथा ती सामग्रीको नियमन प्रक्रियामा प्रयोग बारे भने कमै भएको देखिन्छ। अध्ययनको यही रिक्तता बोध गरी प्रस्तुत लेख तयार गरिएको हो र यसै कारणले प्रस्तुत लेख औचित्यपूर्ण पनि छ।

## अध्ययनको विधि

प्रस्तुत लेखको शीर्षक सोद्देश्य रूपले चयन गएिको हो । यस लेखको शोध क्षेत्र तथा शोधसमस्यापूर्व भएका अध्ययनका आधारमा सोद्देश्यपरक रूपले चयन गरिएको हो। लेख तयारीका निम्ति पुस्तकालयबाट सामग्री चयन गरिएको छ। अष्टाध्यायी व्याकरणलाई प्राथमिक र यस व्याकरणका बारे भएका टीका, भाष्य आदि ग्रन्थलाई द्वितीयकका रुपमा यस लेखमा प्रयोग गरिएको छ। भाषिक पदार्थ (ध्वनि, वर्ण, रुप, पद) आदिलाई सामग्रीका रुपमा प्रयोग गरी तिनको विश्लेषणका आधारमा सत्यापनमा पुगिएकाले आगमनात्मक पद्धतिको प्रयोग यसमा गरिएको छ।

## पाणिनीय भाषिक चिन्तन

पाणिनि (इ.पू. ४५०–४००) को सर्वाधिक चर्चित ग्रन्थ अष्टाध्यायी हो। पूर्वीय र पाश्चात्य दुवै व्याकरण परम्परामा यस कृतिको जस्तो वैज्ञानिक र सूत्रबद्ध अध्ययन हालसम्म उपलब्ध हुन नसकेको अध्येताको विचार छ। त्यसैले यो संस्कृत भाषामा गरिएको हालसम्मकै वैज्ञानिक र सूत्रबद्ध व्याकरण हो भने विश्वका अन्य कुनै पनि भाषामा यस प्रकारको सूत्रशैली विधान भएको व्याकरण छैन । पाश्चात्य भाषावैज्ञानिक फर्थले अन्तर्राष्ट्रिय ध्वनितात्विक वर्णमालाको निर्माणमा संस्कृत व्याकरणलाई आधार बनाएको स्वीकार्नु, ब्लुमफिल्डले अष्टाध्यायीलाई मानव मस्तिष्कको चिरस्थायी कार्य (A monumental work of human intelligence) मान्नु, रूपान्तरण प्रजनक व्याकरणका प्रवर्तक अब्राहम नोम चम्स्कीले मानक सिद्धान्त पुस्तकमा उत्पादक व्याकरणको बीजरूप पाणिनिको व्याकरणमा रहेको स्वीकार्नु आदिले पनि यिनको भाषाशास्त्रीय चिन्तनको गहिराइ र प्रभावको व्यापकता पुष्टि हुन्छ।

अष्टाध्यायी पूर्ववर्ती वैदिक संस्कृतबाट लोकबोली वा लौकिक संस्कृतमा रूपान्तरण भएपछि संस्कृत भाषाको स्तरीय र मानक व्याकरण निर्माणका निम्ति लिखित ग्रन्थ हो। सूत्रबद्धता, सङ्क्षिप्तता, आनुक्रमिकता, सुसम्बद्धता, वर्णनात्मकता, परिपूर्णता जस्ता विशेषताका कारण यसको विशिष्ट स्वरूप पुष्टि हुन्छ। यसमा सङ्कलित कुल ३९९५ सूत्र (बन्धु, २०७३, पृ ३७३), र ३९९७ (द्विवेदी, सन् २०१०, पृ.४५५), मा सङ्कलित संज्ञा सूत्र, परिभाषा सूत्र, विधि सूत्र, नियम सूत्र, अतिदेश सूत्र र अधिकार सूत्र यसका तथ्याधारित नियमन हुन्। अष्टाध्यायीका अतिरिक्त पाणिनिका अन्य भाषासम्बद्ध र काव्य एवं कोश सम्बद्ध सामग्री पनि रहेको उल्लेख अध्येताको छ। अष्टाध्यायीको परिशिष्टका रूपमा रहेका धातुपाठ, गणपाठ, उणादि सूत्रलाई पनि यसको तथ्याधारित नियमनमा प्रयोग गरिएको छ। त्यस्तै पाणिनीय शिक्षा पनि यिनको अर्को ग्रन्थ हो। जाम्बवती विजय या पाताल विजय (महाकाव्य) र द्विरूप कोश (कोश ग्रन्थ) जस्ता कृति पनि रहेको तर प्रामाणिक आधार प्राप्त नभएका कारण संदिग्ध रहेको उल्लेख छ (द्विवेदी, पृ.४५५) । पाणिनिका विविध रचना भएको उल्लेख भए तापनि व्याकरणमा नै यिनी सर्वाधिक चर्चित छन्।

## भाषाशास्त्रमा पाणिनिको योगदान

पाणिनि पूर्वीय एवं पाश्चात्य भाषाशास्त्रको क्षेत्रमा एकमात्र यस्ता वैयाकरण हुन् जसले जनबोलीका तहमा पुगेर सङ्कलित ध्वनि, वर्ण, शब्दव्यत्पादन प्रक्रिया (रूप सिद्धि), अर्थ, वाक्य आदिको विषयमा विस्तृत र सूक्ष्म अध्ययन गरे।

यसको प्रमाण अष्टाध्यायी नै हो । परवर्ती पूर्वीय एवं पाश्चत्य भाषा चिन्तकले यिनका विषयमा देखाएको कृतज्ञताले यसलाई अझै आधार दिएको छ । “यिनले भाषाविज्ञानका अङ्गहरू ध्वनि विज्ञान, पद विज्ञान, वाक्य विज्ञान, अर्थ विज्ञान र तुलनात्मक व्याकरणलाई विस्तृत र व्यापक रूप दिए” (द्विवेदी, सन् २०१०, पृ.४५५) । हाल आधुनिक भाषाशास्त्रीहरूले अपनाएका वैज्ञानिक पद्धतिको आधारभूमि पाणिनि कृत् अष्टाध्यायीमा नै प्राप्त भएका कारण पनि यिनको निकै योगदान छ । यिनका योगदानका खास पक्षलाई यसप्रकार उल्लेख गरिएको छ :

**माहेश्वर सूत्र व्यवस्था**

पाणिनिले तत्कालीन वैदिक र लौकिक संस्कृतका ध्वनि र तिनको उच्चारणगत विशिष्टताका आधारमा १४ माहेश्वर सूत्र प्रतिपादन गरे । यी सूत्र निर्माणको प्रेरक आधारका विषयमा विविध किंवदन्ती पाइन्छन् । जे जस्तो स्रोतलाई प्रयोग गरेर यसको रचना गरे पनि यसमा पाणिनिको विलक्षण भाषाशास्त्रीय प्रतिभा देखिन्छ । अइउण्, ऋलृक्, एओङ्, ऐऔच्, हयवरट्, लण्, ञमङणनम् झभञ्, घढधष्, जबगडदश्, खफछठथचटतब्, कपय्, शषसर् हल् गरी जम्मा चौध माहेश्वर सूत्रमा आएका ध्वनिको पनि उच्चारणगत विशिष्टता र समानताका आधारमा समूहीकृत गरिएको छ । यस्तो उच्चारणको अभिलक्षणलाई आधार बनाएर तिनका बिचका साझा पक्षलाई एकत्रत गर्नु भनेको तथ्याधारित नियमनमा केन्द्रित हुनु हो । एक स्वर, विचलनशील स्वर, गुण स्वर, वृद्धि स्वर, अर्धस्वर, कम्पित स्वर, अघोष र घोष व्यञ्जनको क्रम मिलाइएको छ । घोष र अघोषमा पनि अल्पप्राण घोषलाई पहिलो क्रममा राखिएको छ । यी सूत्र केवल वर्णको उच्चारणगत समानता वा ध्वनि अभिलक्षणगत समानतका आधारमा मात्र नभई रूप सिद्धिका क्रममा हुने ध्वनि आवृत्ति, ध्वनि आदेश, ध्वनि विपर्यय, ध्वनि लोप जस्ता पक्षलाई समेत सूत्रबद्ध गर्ने गरी प्रत्याहारमा समेटिएका छन् ।

**प्रत्याहार व्यवस्था**

पाणिनिले ध्वनिलाई सङ्क्षेपीकरण गर्ने हेतुले प्रत्याहार व्यवस्था निर्माण गरेका छन् । ध्वनि समुच्चयलाई व्यक्त गर्ने यो निकै प्रभावकारी र वैज्ञानिक पद्धतिको सर्वत्र प्रशंसा गरिएको छ । प्रत्येक सूत्रको प्रारम्भको ध्वनि र अन्त्यमा रहेको हल् ध्वनिको प्रयोगबाट त्यसका बिचमा रहेका ध्वनि उक्त प्रत्याहारका सदस्य हुन्छन् भन्ने अवधारणाका आधारमा यिनले प्रत्याहार व्यवस्था गरेका छन् । यस दृष्टिले आरम्भ र अन्त्यमा आएको हल ध्वनि उक्त समूहका सम्बद्धक हुन् भने अन्तयको सम्बद्धकको फरक प्रकृति हुने पनि सूत्रका आधारमा निर्धारण गरिएको छ । यसको वैज्ञानिक उपयोग पद रचनाका क्रममा रूप सिद्धिमा गरिएको छ । भाषिक व्यवहारमा प्रचलित पद रचनाको उदाहरण लिई तिनमा रहेका ध्वनि आवृत्ति, ध्वनि आदेश, ध्वनि विपर्यय, ध्वनि लोपका आधारमा सूत्रबद्ध गर्नु वा नियमन गर्नु नै यिनको सर्वाधिक वैज्ञानिक कार्य हो । सामान्यतया यो दुसाध्य कार्य हो । त्यसैले पनि मानव मेधाको सर्वोच्च स्मारकका रूपमा अष्टाध्यायीलाई लिइएको हो ।

प्रत्याहार व्यवस्था पाणिनिको अष्टाध्यायीको तथ्याधार हुन् । अर्थात् यिनलाई भाषावैज्ञानिकले डाटा बेसका रूपमा चिनएका छन् । यी यस्ता ध्वनि प्रतीक हुन् जसलाई सूत्र तयार गर्ने क्रममा समीकरणीय पदार्थका रूपमा प्रयोग गरिएको छ । यिनमा रहेका समानता तथा असमानताका आधारमा नियमन गरिएको छ । माहेश्वर सूत्रका आधारमा प्रत्याहार निर्माण गर्दा सम्भावित प्रत्याहार जम्मा ३०५ हुन सक्छन् तर पूर्वीय व्याकरणकारको एक मात्र लक्ष्य सूत्र व्यवस्थामा मात्राको लाघवता (अर्धमात्रा लाघवेन पुत्रोत्सव मन्यन्यन्ते वैयाकरणाः) भएका कारण पाणिनिले पनि केवल ४२ वटा प्रत्याहारलाई मात्र सूत्र विधानमा प्रयोग गरेका छन् । ती हुन् : अण्, इण्, हल्, मय्, जश्, शल्, अक्, इक्, यण्, झप्, बश्, यम्, अच्, इच्, यञ्, झश्,

खय्, ङम्, अम्, उक, यय्, ञम्, खर्, अट्, एङ्, यर्, झय्, छव्, अण्, एच्, वश्, झर्, चय्, अश, एच्, वल्, झल्, चर्, अल्, हश्, रल्, भष्, शर्।

**सन्धि नियम**

पाणिनिले रूप तथा ध्वनिका बिचमा हुने मिश्रण र त्यसका आधारमा ध्वनिका तहमा हुने परिवर्तनलाई व्यवस्थित एवं वैज्ञानिक तवरले प्रयोग गरेका छन् । सन्धिका क्रममा ध्वनि लोप, ध्वनि आदेश, ध्वनि विपर्यय, ध्वनि आवृति जस्ता विशिष्ट पक्षलाई तथ्याधारित भई नियमन गरेका छन् । यसैका आधारमा सूत्रको प्रतिपादन गरी एउटै सूत्रमा अनेकांै रूप ध्वनिको प्रक्रियालाई देखाउन सकिने सङ्क्षिप्त र वैज्ञानिक पद्धति निर्माण गरेका छन् ।

**पद विज्ञान**

पणिनिले नै वैदिक संस्कृत र लौकिक संस्कृताका शब्दलाई पद विभाग अन्तर्गत सङ्क्षिप्त रूपमा वर्गीकरण गरेका हुन् । सम्पूर्ण शब्दलाई सुबन्त र तिङ्न्तका रूपमा विभाजन गरी सम्बन्ध तत्त्व र अर्थ तत्त्वको विश्लेषण पनि यिनले गरेका छन् । पदहरूको प्रकार्यात्मक उपस्थतिका आधारमा पद विभाग अध्ययन गर्नु पनि यिनको विशिष्ट कार्य हो ।

**पद विभाजन**

लौकिक संस्कृत र वैदिक संस्कृतमा प्रचलित पदलाई प्रकार्यगत वर्गीकरण गर्ने क्रममा पाणिनिको पद विभाजन सर्वाधिक संक्षिप्त र वैज्ञानिक मानिएको छ । पाश्चात्य भाषावैज्ञानिकले पद विभाजनका आठ प्रकार बताएका छन् भने निरुक्तकार यास्कले पद विभाजनका चर प्रकार (नाम, आख्यात, उपसर्ग र निपात) बताएका छन् तर पाणिनिले केवल सुबन्त र तिङन्तमा वर्गीकरण गरी सरल र व्यवस्थित आधार दिएका छन् ।

**ध्वनिको वैज्ञानिक अध्ययन**

ध्वनिको वैज्ञानिक र व्यवस्थित  अध्ययन गर्नु पाणिनिको अर्को विशिष्ट योगदान हो । वैदिक ऋचाहरूको आरोह, अवरोह विधान अनुरूप वर्णको उच्चारण गर्ने परम्परामा ती वर्णका समान गुण र अभिलक्षणलाई सूत्रबद्ध रूपमा नियमन गर्नु र  समान ध्वनि अभिलक्षणका आधारमा  प्रत्याहार विधान गर्न पनि यिनको अर्को महत्त्वपूर्ण योगदान हो ।

**शब्द व्युत्पत्तिको आधार**

सबै शब्दलाई धातु व्युत्पन्न (सर्वाणी नामानी आख्यात जातानी) मानेर यिनले शब्दको व्युत्पत्ति विज्ञानको वैज्ञानिक आधार तयार गरेका छन् ।

**तुलनात्मक अध्ययनको आधार**

पाणिनिले अष्टाध्यायीको सूत्रपाठ तयार गर्ने सिलसिलामा वैदिक संस्कृत र लौकिक संस्कृतको संहिता विधान र तिनको आरोह एवं अवरोहयुक्त उच्चारणको तुलनात्मक विश्लेषण गरे । यो तुलनात्मक भाषाशास्त्रको प्राचीनतम कार्य हो । त्यसैले तुलनात्मक भाषाशास्त्रको कोणबाट पनि यिनको योगदान महनीय रहेको पुष्टि हुन्छ ।

**सूत्रशैली, प्रत्याहार व्यवस्था र संज्ञाकरण**

पाणिनिले सूत्रहरूको प्रकृति, सङ्क्षिप्त स्वरूप, परिभाषात्मक प्रकार्य, निषेधजनक कार्य, कार्यक्षेत्र निर्देश लगायतका पक्षका आधारमा अष्टाध्यायीका सूत्रको निश्चित शैली निर्माण गरेका छन्। तिनलाई संज्ञा सूत्र, परिभाषा सूत्र, नियम सूत्र, विधि सूत्र, प्रतिशेध सूत्र, अधिकार सूत्र जस्ता सूत्र शैलीगत वर्गीकरणमा यस प्रकार अध्ययन गरिएको छ :

**संज्ञा सूत्र**

अष्टाध्यायी सूत्रहरूको भण्डारण हो। सूत्रहरूको अपूर्व स्मारक अष्टाध्यायीभित्र कुल ३९९७ सूत्र रहेका छन्। तिनलाई पणिनिले अलगअलग प्रयोजनका निम्ति व्यवस्थित ढङ्गले प्रयोग गरेका छन्। सूत्रात्मक रूपमा रहेका यी पाठको आफ्नै विशिष्ट र सूक्ष्म व्यवस्था छ। पश्चवर्ती वार्तिककार, भाष्यकार, टिकाकारले मुख्य आधार बनाएर सूत्र विवेचना गर्न थाले। यसै आधारमा संज्ञा सूत्र, परिभाषा सूत्र, विधि सूत्र, नियम सूत्र, प्रतिषेध सूत्र, अतिदेश सूत्र, अधिकार सूत्र आदिको वर्गीकरण गरेका हुन्।

पाणिनिले अष्टाध्यायीमा सूत्रहरूको सम्बन्धलाई सूत्रात्मक, व्यवस्थित, वैज्ञानिक, सुसम्बद्ध, सञ्जालपूर्ण प्रविधिको रूपमा सङ्कलन र रचना गरे। यस्ता सम्बन्धलाई अध्ययन र व्यवस्थित गर्दै लैजान निश्चित संरचनालाई खास नाम दिई त्यसैलाई आधार मानेर व्याकरणिक प्रक्रियालाई अगाडि बढाउनु पर्ने हुन्छ। यसरी पश्चवर्ती व्याकरणिक व्यवस्था र सूत्रहरूको कार्य आधार हुने गरी खास नाम दिन आएका सूत्रहरूलाई संज्ञा सूत्र भनिन्छ। पाणिनिले अष्टाध्यायीको पहिलो अध्यायमा नै प्राय संज्ञा सूत्र र परिभाषा सूत्रको व्यवस्था गरेका छन्। यस आधारमा पणिनि संज्ञा र परिभाषा सूत्रको आधारभूत भूमिका रहने गरी अष्टाध्यायीको सङ्कलन र रचनामा प्रवृत्त थिए भन्ने पुष्टि हुन्छ।

पाणिनिले विविध कार्य प्रयोजनलाई अधार मानेर संज्ञा दिने व्यवस्था अवलम्बन गरेका छन्। यसको पुष्टि अष्टाध्यायीमा आएका संज्ञा सूत्रको भूमिका, तिनले अन्य सूत्रसँग राख्ने सम्बन्ध, व्याकरणिक प्रयोजन वा रूप सिद्धिका क्रममा तिनले खेल्ने अन्तरसमबन्धले पुष्टि गर्दछ।

संज्ञा सूत्र व्याकरणका विविध विषयवस्तुलाई पारिभाषीकरण गर्ने र सूत्रबद्ध संरचना निर्माणमा सहज भूमिका खेल्ने सङ्केत हुन्। यस्ता सूत्रले अष्टाध्यायीमा प्रयोग भएका पारिभाषिक शब्दको परिचय दिन्छन्। व्याकरणात्मक अवधारणालाई नामकरण गर्ने र नियमनका निम्ति सहयोगी भूमिका खेल्छन्। अष्टाध्यायीमा सङ्कलित केही सूत्र र तिनका अवधारणा वा आशयलाई यस प्रकार उल्लेख गरिएको छ :

**समान्य संरचनापरक संज्ञा**

पाणिनिले परवर्ती अध्याय र तिनमा विधान गरिएका परिभाषा सूत्र, प्रतिषेध सूत्र, अधिकार सूत्र, विधि सूत्र आदिको प्रस्तुति गर्दा सूत्रबद्ध संरचना तयारीका निम्ति निर्माण गरेका सूत्र सामान्य संरचनापरक संज्ञा हुन्। प्रारम्भमा संज्ञाकरण गरेपछि मात्र अन्य सूत्र विधान गर्न सहज हुने भएकाले यसो गरिएको हो। यिनको विवरण यस प्रकार दिइएको छ :

| सूत्र | अवधारणा |
|---|---|
| हलन्त्यम् (१।३।३) | अन्त्यमा आएको व्यञ्जन वर्णलाई हल् संज्ञा दिइएको छ |
| अदर्शनंलोप (१।१।६०) | जुन संरचना देखिएको छैन त्यो लोप हुन्छ |
| तस्यलोपः (१।३।९) | हल् संज्ञा दिइएका वर्णको लोप संज्ञा हुन्छ |

बृद्धिरादैच्  (१।१।१)आ, ऐ, औ, लाई बृद्धि संज्ञा दिइएको छ
अदेङ्गुण (१।१।२)  अ, ए, ओ, लाई गुण संज्ञा दिइएको छ
विरामअवसान (१।४।१०) विरामलाई अवसान संज्ञा दिइएको छ
संयोगेगुरु (१।४।११)  ह्रस्व संयोग भई आउँदा गुरु संज्ञा हुन्छ
दीर्घं चः (१।४।१२) दीर्घलाई पनि गुरु संज्ञा दिइएको छ
उच्चैरुदात्त (१।२।२९)  ताल्वादिको उच्च स्थानबाट उच्चरितको उदात्त संज्ञा
नीचैरनुउदात्त (१।२।३०) ताल्वादिको निम्नस्थानबाट उच्चरितको अनुदात्त संज्ञा
समाहारस्वरित (१।२।३१) उदात्त र अनुदात्त सम्मिलित स्वरलाई स्वरित संज्ञा
मुखनासिकावचनोअनुनासिक (१।१।८) मुख र नासिकाको उभय सक्रियतामा उच्चरित हुने अनुनासिक संज्ञा
तुल्यास्यप्रयत्नं सवर्णम् (१।१।९) जुन वर्णको तालु आदि स्थान र अभ्यन्तर
प्रयत्न समान छ त्यसलाई सवर्ण संज्ञा दिइएको छ
परः सन्निकर्षः संहिता (१।४।१०९) सन्धिका क्रममा रूपध्वनि प्रक्रिया हुदा संहिता संज्ञा हुन्छ
सुप्तिङ्न्तम् पदम (१।४।१४) सुबन्त (प्रातिपदिक) र तिङ्न्त (कृत्) लाई पद संज्ञा दिइएको छ
भ्वादयो धातव (१।३।१)  भूआदि गरिएका दस भेदलाई धातु संज्ञा दिइएको
अर्थवदधातुरप्रातिपदिकम् (१।२।४५) धातु र प्रत्यय बाहेकका आर्थी एकाइ प्रातिपदिक हुन्

अष्टाध्यायीमा विधान गरिएका संज्ञा सूत्रलाई पनि पछिल्ला वैयाकरण र टिकाकारले उपयोगिताका आधारमा वर्गीकरण गरेका छन् । विशेषतः सिद्धान्त कौमदीका संज्ञा प्रकरणहरूमा सन्धि उपयोगी सूत्रशैलीलाई संज्ञा प्रकरण अन्तर्गत समेटिएको छ । त्यसैले पणिनि कृत् अष्टाध्यायीमा सङ्कलित सूत्रलाई आवश्यक्ताअनुसार संज्ञा सूत्रको विधान र तिनको टीका गरिएको पाइन्छ ।

### व्याकरणिक प्रयोजनपरक संज्ञा

पाणिनिले लौकिक संस्कृतको नियमन र सूत्र विधान गर्नका निम्ति अत्यधिक सन्धिको प्रयोग गरेका छन् । त्यसैले सन्धिद्वारा रूप सिद्धि गर्नका निम्ति आधारभूत प्रक्रियाभित्र पर्न आउने संज्ञाहरू पनि प्रयोग गरिएका छन् । रूप सिद्धिका क्रममा प्रयोग हुन आएका त्यस्ता व्याकरणिक प्रयोजनपरक संज्ञा सूत्रलाई यस प्रकार उल्लेख गरिएको छ  :

| सूत्र | अवधारणा |
|---|---|
| तस्य लोप (१।३।९) | त्यसको लोप हुन्छ । |
| तुल्यास्यप्रयत्नम्सर्वणम्(१।१।९) | तालु आदि स्थान र अभ्यन्तर प्रयत्न एक भएको वर्णलाई सवर्ण संज्ञा दिइएको छ । |
| अणुदित्सर्वणस्यचाप्रत्यय (१।१।६९ ) | अण प्रयाहारका स्वर र उदित (कुचुटुतुपु) लाई सवर्ण संज्ञा दिइएको छ । |

### परिभाषा सूत्र

समान्य सूत्रले निर्देश गरे अनुसारको रूप सिद्धि प्रक्रिया वा व्याकरणात्मक प्रयोजन सिद्ध नहुने अवस्था पनि हुन सक्दछ । यो बहु वैकल्पिक वितरणको अवस्था हो । यस्तो अवस्थामा विशेष व्याख्या र निर्णयको सुविधा प्राप्त (प्रदान गरिका) सूत्र आकर्षित हुन्छन् । यस्ता सूत्रलाई परिभाषा सूत्र भनिन्छ । जस्तै  :

| सूत्र | अवधारणा वा आशय |
|---|---|
| स्थानेअन्तरतम (१।१।५०) | एकै स्थानमा धेरै वर्णको उपस्थिति हुने अवस्था आए स्थानगत निकटताको आधारमा स्थानापन्न वर्ण यकिन (निर्धारण) गर्नु पर्छ |
| तस्मिन्निति निर्दिष्टे पूर्वस्य (१।१।६६) | पूर्वमा भनिए अनुसार यथा रूप |
| विप्रतिषेधे परं कार्यम् () | कुनै दुई सूत्रका बिचमा बाझिएमा वा प्रतिशेध भएमा पछिल्लो सूत्र प्रभावकारी हुन्छ र रूपसिद्धिमा प्रयोग गर्नुपर्छ । |

**अधिकार सूत्र**

सूत्रले आफ्नो विषयगत दायरालाई समेट्ने वा प्रत्यक्षतः समान अवधारणाको निरन्तरतालाई निश्चित क्रममा व्यवस्थित गर्ने सूत्रहरू अधिकार सूत्र हुन् । पाणिनिले अष्टाध्यायीमा पूर्वापर सूत्रविधान गर्दा व्याकरणिक प्रयोजनलाई प्राथमिकतामा राखेका छन् । सूत्रको निर्माण आफैँमा थोरैबाट धेरै भन्ने वा वर्णनात्मक विधिका आधारमा विस्तारपूर्वक विषयलाई राख्ने योजना हो । पाणिनिले यस्ता अधिकार सूत्रको विधान गर्दा अनुवृत्तिको प्रविधिलाई पनि सूत्र शैली बनाएका छन् । माथिबाट कुनै सूत्रको विषयगत व्यापकता वा विस्तारलाई हेर्दा त्यो अधिकारको विषय बन्दछ तर तलबाट माथितिर हेर्दा त्यसमा प्रारम्भमा आएको अधिकार सूत्रको अवधारणागत तन्काइ वा निरन्तरता निर्माण भएको हुन्छ । त्यसैले जहाँ अधिकार सूत्रको विधान भएको हुन्छ त्यहाँबाट फरक व्याकरणिक प्रयोजन सम्बद्ध अर्को अधिकार सूत्र नआउन्जेल अनुवृत्तिको निरन्तर क्रम निर्माण भएको हुन्छ । पाणिनिले कुनै अधिकार सूत्रको क्षेत्रगत दायरा बिस्तरपूर्वक विकास भएमा उपगुच्छ वा अनुवृत्त अधिकार सूत्रको पनि विधान गरेका छन् । यस प्रकारको गणितीय प्रविधिको प्रयोग इ.पू. ४५०–४०० बिचमा गर्नु अति वैज्ञानिक र मेधापूर्ण सोचको परिणाम हो । आजको विज्ञानले आविष्कार गरेको कम्पुटरले समेत पणिनिको यस प्रविधिलाई सफ्टवेरका संरचनामा प्रयोग गरेको छ । जसरी आजको कम्प्युटरले कुनै विकल्पमा थिच्दा त्यसका उपसमुच्चयगत विकल्पहरू बताउँछ तर ती सबैको आरम्भमा रहेको मूल विकल्प एकै हुन्छ । त्यस्तै विधान अधिकार सूत्रको क्रम निर्धारणमा प्रयोग भएको पाइन्छ ।

पाणिनिले अधिकार सूत्रको समान प्रकृति भएका पूरक सूत्रको पनि व्यवस्था गरेका छन् । "यी सूत्रले कुनै उपसमुच्चयको नेतृत्व त गर्दैनन् तर अधिकार सूत्रको लगत्तै पछि आएर धारणागत समता वा निरन्तरता भने दिन्छन्" (आचार्य, २०६३, पृ.८८) । अघिल्लो सूत्रको हुबहु धारणालाई केही थाप विषयको साथमा निरन्तरता दिनु नै पूरक सूत्रको मुख्य प्रयोजन हो । जस्तै : अर्थवदधातुरप्रत्ययः प्रातिपदिकम् (१।२।४५)

पदार्थगत अन्वय=(अर्थवद् अ–धातुर् अ–प्रत्ययः प्रातिप्रदिकम्), अर्थात् त्यस्ता अर्थवत् एकाइ जो धातु र प्रत्यय होइनन् तिनलाई प्रातिपदिक भनिएको छ । यस सूत्रले प्रातिपदिक वर्गमा पर्ने एकाइको निर्धारण आधार दिएको छ । यसै अवधारणालाई अर्थात् प्रातिपदिक वर्गमा पर्ने अवधारणालाई निरन्तरता दिनका निम्ति पाणिनिले लगत्तै पछि पूरक सूत्रको पनि विधान गरेका छन् ।

कृततद्दित समासाश्च (१।२।४६)

पदार्थगत अन्वय=(कृत् तद्दित र समासमा पनि) । यसरी पाणिनिले अधिकार सूत्रको योजना बनाउँदा पूरक सूत्र र अनुवृत्ति सूत्रको व्यवस्थित नियमन तयार गरेका छन् । अर्थवत् एकाइ जो कृत, तद्दित र समास हुन् तिनलाई पनि प्रातिपदिक वर्गमा राखिएको छ ।

| सूत्र | आशय वा अवधारणा |
|---|---|
| अव्ययीभाव :(२।१।५) | यस पछिका सूत्र अव्ययीभावसमासमा आधारित छन् |
| कारके (१।४।२३) | यस पछिका सूत्र कारकसँग सम्बद्ध छन् |
| तत्पुरुष :(२।१।२२) | यस पछिका सूत्र तत्पुरुष समाससँग सम्बद्ध छन् |
| प्रत्यय : (३।१।१) | यस पछिका सूत्रहरू प्रत्यय सम्बद्ध रहने गरी विधान गरिएका छन् |
| धातो :(३।१।९१) | यस पछिका सूत्रहरू धातुसँग सम्बद्ध रहने गरी विधान गरिएका छन् |
| तद्दिता :(४।१।७६) | यस पछिका सूत्रहरू तद्दितप्रत्ययसँग सम्बद्ध हुने गरी विधान गरिएका हन् |

उल्लिखित सूत्रहरूले आफ्नो क्षेत्राधिकार भित्र रहेका अन्य सूत्रमा अवधारणा वा आशयगत निरन्तरताको भूमिका खेलेका छन् । सूत्रहरूका बिचमा पारस्परिक सुसम्बद्धता होस् र वैदिक तथा लौकिक संस्कृत भाषाका व्याकरणिक प्रचलन वा स्वरूपको नियमन होस् भन्ने अभीष्ट यसमा रहेको छ । अधिकार सूत्र र त्यसको अधिकार क्षेत्रभित्रको सुसम्बद्ध व्यवस्थालाई यस प्रकार देखाइएको छ । जस्तै :

| | |
|---|---|
| कारके (१।४।२३) | कारकको क्षेत्र आरम्भ भयो |
| ध्रुवमपायेअपादानम् (१।४।२४) | अपाय (विलोप) मा जुन स्थिर हुन्छ त्यो अपादान कारक हुन्छ । |
| जनिकर्तुः प्रकृतिः (१।४।३०) | जायमान (जनिकर्तु), जन्मको आशयमा अपादान कारक हुन्छ । |
| भुवः प्रभवः (१।४।३१) | भू (पृथ्वी) बाट प्रभव (उत्पन्न) को आशयमा अपादान कारक हुन्छ । |
| कर्मणा यमभिप्रैति स सम्प्रदानम् (१।४।३२) | केही प्राप्त गर्ने व्यक्ति वा संस्थालाई सम्प्रदान कारक भनिन्छ । |
| साधकतं करणम् (१।४।४२) | कार्यको सिद्धिका निम्ति साधन वा मुख्य आधार (साधक) भइ आएको अवस्थामा करण कारक हुन्छ । |
| आधारो अधिकरणम् (१।४।४५) | आधारका रूपमा रहेको अवस्थामा अधिकरण कारक हुन्छ । |
| कर्तुरीप्सिततमं कर्म (१।४।४९) | कर्ताको क्रियाद्वारा प्रभावित (इप्सितम्) हुने कारक कर्म कारक हो । |
| स्वतन्त्रः कर्ता(१।४।५४) | वाक्यमा क्रियाद्वारा व्यक्त कार्यको स्वतन्त्र अधिकारीको अवस्थामा कर्ता करक हुन्छ । |

माथि दिइएका सूत्रहरू समान व्याकरणिक प्रकार्यको प्रयोजनका निम्ति पाणिनिले विधान गरेका हुन् । उल्लिखित सूत्रहरूमध्ये आरम्भमा आएको ‘कारके’ (१।४।२३) ले अब कारक सम्बन्धी व्यकरणिक प्रकार्यको चर्चा शुरु हुन्छ भन्ने निर्देश गरेको छ । यसैलाई क्रमशः सूत्रबद्ध रूपमा अनु सरण गर्ने वा ‘कारके’ ले आफ्नो व्याकरणिक धारणागत अधिकारको परिधि निर्माण गर्ने क्रममा स्वतन्त्र कर्ता (१।४।५४) आएको छ । यस बिचमा आएका (१।४।२४), (१।४।३०), (१।४।३१), (१।४।३२), (१।४।४२), (१।४।४९) सूत्रहरू पनि कारके (१।४।२३) को व्याकरणिक प्रयोजनपरक अवधारणालाई निरन्तरता दिनका निम्ति आएका छन् । आरम्भको सूत्र कारकेमा एक पटक कारक शब्दको विधान गरेपछि त्यसपछिका सूत्रमा ‘कारक’ शब्दको विधान छैन । यसले सूत्रहरूका बिचमा अध्याहार व्यवस्था वा अघिल्लो सूत्रको आशयको निरन्तरताको सूक्ष्म सम्बन्धलाई देखाउँछ । यसैलाई पाणिनीय व्याकरणमा अध्याहार सूत्र शैली भनिन्छ । पछिपछि आएर समान धारणालाई निरन्तरता दिएका कारण यसलाई अनुवृत्ति व्यवस्था पनि भनिन्छ । यसैलाई आज कम्पुटमा पनि प्रयोग गरिएको छ । कुनै सफ्टवेरमा क्लिक गरेपछि त्यससँग सम्बद्ध अन्य प्रकार्यको पनि स्वतः उपस्थिति देखिने र समान प्रकार्यका उपकोटिबाट बाहिर आउँदा जसरी भित्र प्रवेश

भएको छ सोही प्रक्रिया देहोरिने अवस्था आजको वैज्ञानिक आविष्कार कम्प्युटरमा छ । यस प्रकारको वैज्ञानिक, व्यवस्थित, सुसम्बद्ध र सूक्ष्मतामा आधारित सूत्र विन्यासलाई पणिनिले इ.पू. ४५०–४०० का बिचमा प्रवेश गराउनु नै अभूतपूर्व मानव मेधाको प्रमाण हो ।

## अनुवृत्ति

पूर्वसूत्रमा विधान गरिएको रूप सिद्धि प्रक्रिया वा पद रचना प्रक्रियालाई मुख्य आलम्बन (आधार) बनाई पछिल्ला सूत्रले काम गर्ने सुसम्बद्ध योजना नै अनुवृत्ति हो । कुनै खास वा समान रूपसिद्धि प्रक्रिया भएका सूत्रका बिचमा समानताका आधारमा पाणिनिले सूत्र गुच्छ निर्माण गरेका छन् । यस्तो गुच्छको आरम्भको सूत्र अधिकार सूत्र हुन्छ भने त्यसको अवधारणा वा आशयसँग समानता राख्ने पछिल्ला सूत्र उक्त सूत्रको अधिकार क्षेत्र अन्तर्गत पर्दछन् । यसरी अघिल्लो सूत्रको नियम वा व्याकरणिक आशय पछिल्लो सूत्रमा पनि सूक्ष्म रूपले जोडिदै जानु अनुवृत्ति हो । पाणिनिले अष्टाध्यायीमा संज्ञा सूत्र, परिभाषा सूत्र, विधि सूत्र, नियम सूत्र, अतिदेश सूत्र र अधिकार सूत्र गरी छ प्रकारका सूत्रलाई प्रविधिपूर्ण ढङ्गले प्रयोग गरेका छन् । यी सबै प्रकारका सूत्रभित्र समूहीकृत गरिएका वा गुच्छका रूपमा समेटिन आएका सूत्रका बिचमा अनुवृत्ति व्यवस्था छ । जस्तै :

इको यणचि (६।१।७७)
एचोऽयवायाव (६।१।७८)

माथिका दुई सूत्रमध्ये (६।१।७७) मा रूप सिद्धिका क्रममा इक् प्रत्याहारभित्रका वर्ण (अ, इ, उ, ऋ, लृ ) का स्थानमा यण् प्रत्याहारका वर्ण (य्, व्, र्, ल् ) को आदेश हुन्छ यदि पछिल्लो रूपको आदि स्वर अच् प्रत्याहारका वर्ण (अ, इ, उ, ऋ, लृ, ए, ओ, ऐ, औ) छन् भने भन्ने व्याख्यात्मक व्याकरणिक प्रक्रियालाई सूत्रबद्ध रूपमा नियमन गरिएको छ । अर्थात् इक्का स्थानमा यण् होस् यदि रूप ध्वनि प्रक्रियाको पछिल्लो परिवेश अच् भए तर पछिल्लो सूत्र (६।१।७८) ले रूप सिद्धिका क्रममा एच् प्रत्याहारका वर्ण (ए, ओ, ऐ, औ) का स्थानमा यवायाव (अय् + अव् + आय् + आव्) आदेश हुन्छ मात्र निर्देश गरेको छ । यसरी नयाँ वर्णतात्विक एकाइ आदेश हुँदा पछिल्लो रूपको आदि परिवेश के हुने वा के भएमा भन्ने विषयको विधान गरेको छैन तर रूपसिद्धि गर्नु भनेको दुई परिवेशका बिचमा हुने रूप र ध्वनिका बिचको मिश्रण भएका कारण परिवेश अनिवार्य नै हुन्छ । यस्तो अवस्थामा अघिल्लो सूत्रमा विधान गरिएको अच् परिवेशलाई यस सूत्रमा अनुवृत्त गरिएको छ भन्ने बुझ्नु पर्दछ । यस्तो प्रविधिले सूत्रका बिचको सुसम्बद्धतालाई देखाउँछ भने सूत्र पाठ गर्दा अनुवृत्तिबाट बोध गर भन्ने निर्देश गरेको छ । (६।१।७७)मा विधान गरिए अनुरूपको रूप सिद्धि प्रक्रियालाई तलका शब्द व्युत्पादन प्रक्रियामा घटित गरी यस प्रकार अध्ययन गरिएको छ । जस्तै :

अधि + अक्ष = अध्यक्ष ÷ अध् . इ + अक्ष = अध्यक्ष (इ–य्)
अभि + अस्त = अभ्यस्त ÷ अभ् .इ + अस्त = अभ्यस्त (इ–य्)
अति + अन्त = अत्यन्त ÷ अत् . इ + अन्त = अत्यन्त (इ–य्)
अति + अधिक = अत्यधिक ÷ अत्. इ + अधिक = अत्यधिक (इ–य्)

माथिका उदाहरणहरूमा इक् प्रत्याहारको वर्ण ‘इ’ यण् प्रत्यहारको वर्ण ‘य्’ मा परिवर्तन भएको छ र परको परिवेश अच् छ । यसैलाई सूत्रबद्ध गर्ने गरी नियमनका निम्ति पाणिनिले (६।१।७७) सूत्र विधान गरेका हुन् । लौकिक संस्कृतबाट शब्द र तिनमा रहेको रूपसिद्धि प्रक्रियाको यति वैज्ञानिक र सुसम्बद्ध स्वरूप सिर्जना गर्न सक्नु नै पाणिनिको मेधापूर्ण ज्ञान हो ।

अधिकार सूत्रको प्रभाव क्षेत्रभरि अनुवृत्तिको उपयोग गर्नु पर्ने भएकाले पाणिनिले प्रायः सबै सूत्रहरूको बिचमा अनुवृत्ति सम्बन्ध कायम हुने गरी सुसम्बद्धता निर्माण गरेका छन् । अनुवृत्ति सम्बन्धबाट नै सूत्रहरूको पूर्वापर क्रम सम्बन्ध स्थापित हुन्छ र व्याकरणिक प्रकार्य आरम्भ हुन्छ । त्यसैले सूत्रहरू अर्थिने र परिचालित हुने आधार नै पाणिनिले प्रयोग गरेको अनुवृत्ति व्यवस्था हो । पाणिनिले यस्तो अनुवृत्ति सम्बन्ध अष्टाध्यायीका प्रायः अधिकार सूत्रका बिचमा निर्माण गरेका छन् । जस्तै :

ध्रवमपायेऽपादानम् (१।४।२४) भनेर अपादान कारकको अभिलक्षण बताएपछि यस लगत्तै आएका अन्य सूत्रले अपादान भन्ने पारिभाषिक शब्द छोडी मूल अभिलक्षणलाई मात्र सूत्रबद्ध गरेका छन् ।

ध्रवमपायेऽपादानम् (१।४।२४)
भित्रार्थानाम् भयहेतुः (१।४।२५)
जनिकर्तुः प्रकृतिः (१।४।३०)
भुवः प्रभवः (१।४।३१)

माथिका सूत्रहरूमा पहिलो (१।४।२४) पछि आएका अन्य सूत्रले अपादान शब्दलाई कोशीय संरचनामा निरन्तरता दिएका छैनन् तर ती सूत्र पनि अपादान कारकसँग सम्बद्ध रहेका छन् । ती सूत्रको अन्त्यमा सूत्रपाठ कर्ता आफैँले 'अपादानम्' शब्दलाई अनुवृत्ति गरी निरन्तरता दिनू भन्ने प्रविधिगत निर्देश पाणिनिले गरेका छन् । पाणिनिले अष्टाध्यायीको सूत्र सञ्जाललाई सार्थक र प्रकार्यपरक बनाउनका निम्ति अनुवृत्तिलाई महत्वपूर्ण आधार बनाएका छन् । त्यसैले अष्टाध्यायीको सूत्र शैलीमा यो महत्त्वपूर्ण पक्ष हो ।

**अध्याहार**

परस्पर सम्बन्ध भएका सूत्रका बिचमा अन्यत्रको कुनै स्थानबाट तानेर ल्याई जोड्ने वा व्याकरणिक प्रकार्य सम्पन्न गर्ने सूत्र प्रविधि विशेष नै अध्याहार व्यवस्था हो । सरसर्ती हेर्दा अध्याहार र अनुवृत्ति समान प्रविधि हुन् कि जस्तो द्विविधा पनि देखिन्छ तर अनुवृत्तिमा सूत्रको आंशिक स्वरूप मात्र दोहोरिन्छ र व्याकरणिक प्रयोजन पूर्ण गरिन्छ भने अध्याहारमा सूत्रको पूरै संरचनालाई रूप सिद्धि वा व्याकरणिक प्रयोजनका निम्ति उपयोग गरिन्छ । कुनै एक स्थानमा सूत्रलाई सूचीकृत गरेपछि त्यहीँबाट आवश्यक्ताअनुसार अन्यत्र सारेर व्याकरणिक प्रयोजन पूर्ण होस् भन्ने धारणा पाणिनिको छ । पाणिनिले व्याकरणिक प्रयोजनका दृष्टिले निकट सम्बन्ध रहेका सूत्रलाई एक अर्कोसँग परस्परको सम्बन्धमा जोड्न अध्याहार प्रविधिको प्रयोग गरेका हुन् । सूत्रलाई अति संक्षिप्त र थोरैमा धैरै भन्न सक्ने बनाउने क्रममा यिनले अध्याहार शैली प्रयोग गरी पुनरुक्ति दोष निवारण गरेका छन् ।

सूत्रको अध्याहारित प्रक्रिया आवश्यकता र रूप सिद्धिको विधिसँग सम्बद्ध हुन्छ । कुन सूत्रको अध्याहार कहाँ, कति बेला, कति पटक भन्ने निर्धारित हुन्न । आवश्यकताअनुसार कुनै एक स्थानमा सूत्रलाई सूचीकृत गरेपछि उक्त सूत्र अन्यत्र प्रयोग गरी सूत्रपाठको संक्षिप्तता नखल्बलियोस् र भाषाको व्याकरणिक प्राबधानमा खलल नपुगोस् भन्नका हेतु यसो गरिएको हो । जस्तै :

हलन्त्यम् (१।३।३), अदर्शनं लोप (१।१।६०), तस्य लोप (१।१।९), आदिरन्त्येन सहेत (१।१।७१), तुल्यास्यप्रयत्नं सवर्णम् (१।१।९), इको यणचि (६।१।७७), स्थानेऽन्तरतमः (१।१।५०), यथासङ्ख्यमन्नुदेशः समानम् (१।३।१०),

माथिका सूत्रहरूमा (१।३।३) ले अन्त्यमा आएको व्यञ्जन हल् होस् अर्थात् हल् प्रत्याहार भित्रका व्यञ्जनहरू भन्ने अर्थ दिएको छ भने रूप सिद्धिका क्रममा यिनलाई इत् संज्ञा दिइएको छ । यो व्याकरणिक प्रयोजन विधान गर्ने सिलसिलामा जहाँ पनि प्रयोगमा आउँछ । त्यसैले अध्याहारित हुने सूत्र हो । (१।१।६०) ले रूप सिद्धिका क्रममा ध्वनिको विलय हुने वा प्रयोगबाट हराउने अवस्था आएमा त्यसलाई लोप मानेर अगाडि बढ्न निर्देश गरेको छ । त्यसैले यो पनि आवश्यकता अनुसार कुनै पनि स्थानमा अध्याहारित भई वितरण हुने सूत्र हो । (१।१।९) रूप ध्वनि प्रक्रियाका क्रममा हल् भएको व्यञ्जन स्वतः हट्ने प्रावधान रहेका कारण जहाँ हल् व्यञ्जनको उपस्थिति देखा पर्छ तत्काल त्यो लोप हुन्छ भन्ने निर्देश गरेको छ । (१।१।७१) ले प्रत्याहार निर्माणको क्रममा आदि र अन्त्य सहितको वर्ण समुच्चय लिइन्छ र कतै रूप सिद्धिको अवस्था आउँदा आदिदेखि अन्त्य सम्मका सबैलाई लिइन्छ भनिएको छ । यसले पनि वितरणको सर्वस्थानिक भूमिकालाई जनाएका कारण अध्याहारित हुने सूत्र हो । (१।१।९) ले तालु आदि बाह्याभ्यन्तर स्थान समान भएको अवस्थामा सवर्ण संज्ञा हुन्छ भनी अकःसर्वर्णे दीर्घः (१।१।१०१) सूत्रको आकर्षणलाई जनाएको छ । जहाँ दीर्घ सन्धिको अवस्था आउँछ त्यहाँ (१।१।९) वितरण भई अध्याहारित रूप प्राप्त गर्ने देखिन्छ । यस प्रकार पाणिनिले सङ्कलन गरेका सूत्रहरू प्रयोग र प्रयोजनको अवस्था अनुसार विविध स्थानमा वितरण भई रूपसिद्धि वा अन्य व्याकरणिक प्रक्रिया सम्पन्न गर्ने प्रकृतिका छन् तर, यिनलाई पाणिनिले कुनै एक स्थानमा सूचीकृत गरी अध्याहारको उपाय सुझाएर सकेसम्म सूत्रबद्ध बनाएका छन् ।

**प्रत्याहार व्यवस्था**

अष्टाध्यायी व्याकरण करिब चार हजार सूत्रको व्यवस्थित सङ्कलन हो । वैदिक संस्कृत र जनबोलीका रूपमा विकसित संस्कृत (भर्नाकुलर) मा पाइएका रूप सिद्धि प्रक्रिया र संस्कृत भाषाका भाषाशास्त्रीय चिन्तनलाई सूत्रबद्ध गर्ने प्रयोजनले यिनको यो कालजयी ग्रन्थ रचना भएको हो । यिनले ध्वनिका तहमा पाइएका समानता, रूपसिद्धिका तहमा पाइएका साझा विशेषता वा ध्वनिगत प्रचलन आदिलाई समेट्ने गरी अष्टाध्यायीका सूत्र रचना गरेका हुन् । भाषाशास्त्रीले १४ माहेश्वर सूत्रबाट करिब ३०५ वटा सम्म प्रत्याहार निर्माण गर्न सकिने मत राखेका छन् तर पणिनिले अष्टाध्यायीमा प्रयोग गरेका सूत्र र तिनमा उल्लेख गरिएका नियमनसँग सम्बद्ध प्रत्याहारलाई आधार मान्दा कुल ४२ प्रत्याहार र तिनमा समेटिएका वर्णको उल्लेख आवश्यक देखिन्छ । पाणिनिले प्रयोग गरेका ध्वनि समुच्चयलाई माहेश्वर सूत्रका रूपमा उल्लेख गरेर प्रत्याहार विधान गरिन्छ । यिनले प्रयोग गरेका चौध माहेश्वर सूत्र हुन् : अइउण्, ऋलृक्, एओङ्, ऐऔच्, हयवरट्, लण्, ञमङणनम् झभञ्, घढधष्, जबगडदश्, खफछठथचटतव्, कपय्, षशसर्, हल् ।

**नियम १**

पाणिनिको चौध माहेश्वर सूत्रको आदि वा आरम्भमा रहेका स्वर वा व्यञ्जन ध्वनि र अन्त्यमा रहेका हल् (्) ध्वनिको समष्टिलाई प्रत्याहार सीमा भनिएको छ । अन्त्यमा आएका हल् व्यञ्जन अनुबन्धनका निम्ति प्रयोगमा ल्याइएका हुन् । आफूभन्दा अघि आएका स्वर वा व्यञ्जन ध्वनिको समुच्चयलाई बाँध्नु वा एकीकृत गर्नु नै यसको मुख्य प्रयोजन हो । पछिपछि आएर ध्वनि समुच्च्यलाई एकीकृत गर्ने भएकाले यिनलाई अनुबन्धक भनिएको हो । चौध माहेश्वर सूत्रको अन्त्यमा रहेका ण्, क्, ङ्, च्, ट्, म्, ञ्, ष्, श्, व्, य्, र्, ल् जस्ता हल् व्यञ्जनहरू अनुबन्धक हुन् । निश्चित ध्वनिगत समानता वा असमानताका आधारमा वर्णसमाम्नाय (सेट) निर्माण गर्नु नै यिनको मुख्य प्रयोजन वा औचित्य हो । पाणिनिले अन्त्यमा आएका यी हल् व्यञ्जनलाई सन्धि प्रक्रिया वा रूप सिद्धिका क्रममा लोप हुने बताएका छन् । व्याकरणिक सूत्र विधान र त्यस

अनुरूपको रूप ध्वनि प्रक्रिया लगायतका अवस्थामा यिनको औचित्य समाप्त प्रायः हुने बताई यिनलाई इत् संज्ञा दिएका छन् (हलन्त्यम् १।३।३)।

**नियम २**

प्रत्याहार सिर्जानाको मुख्य आधार माहेश्वर सूत्रको अन्त्यमा रहेका हल् व्यञ्जन नै हुन्। त्यसैले पणिनिले निश्चित साझा विशेषतायुक्त ध्वनि र तिनका बिचको रूप सिद्धि प्रक्रियासँग सम्बद्ध शब्दको सङ्कलन दैनिक भाषिक व्यवहारबाट टिपेर सूत्रबद्ध गरेका हुन्। रूप सिद्धि वा व्याकरणिक प्रयोजनको सिद्धताका समयमा अनुकूलन गर्न सकिने र अन्य समयमा प्रत्याहार (ध्वनि समुच्चय÷प्रत्याहार) निर्माणमा सहज हुने गरी माहेश्वर सूत्रको अन्त्यमा हल् वर्णको विधान गरेका हुन्। यसैलाई सिद्ध सूत्रबद्ध गर्नका निम्ति अष्टाध्यायीमा यिनले हलन्त्यम् (१।३।३) र तस्यलोप (१।३।९) गरी दुई सूत्रको प्रयोग गरेका छन्। हल वर्णलाई इत् संज्ञा दिएर त्यो वर्ण लोप भए सरह हो भन्ने निष्कर्षका आधारमा यिनका आगामी व्याकरणिक प्रयोजन सिद्ध भएका छन्।

**नियम ३**

मूलत : अच् (अ, इ, उ, ऋ, लृ, ए, ओ, ऐ, औ) ध्वनि निरपेक्ष वा स्वतन्त्र हुन्छन् भने हल् (ह, य, व, र, ल, ञ, म, ङ, ण, न, म, झ, भ, घ, ढ, ध, ज, ब, ग, ड, द, क, प, श, ष, स, ह) ध्वनि सापेक्षित वा आश्रित हुन्छन्। पाणिनिले सहजताका निम्ति मात्र यी ध्वनिलाई स्वर संयोगका आधारमा प्रस्तुत गरेका हुन्। जस्तै : क = क् + अ। यस आधरमा हेर्दा अ, इ, ऊ, ऋ, लृ, ए, ओ, ऐ, औ ध्वनि पराश्रित नभई आएको अवस्था हो तर पाणिनिले अष्टाध्यायीमा व्यञ्जन ध्वनिलाई पनि यसै अनुरूप ह, य, व, र, ल, ञ, म, ङ, ण, न, झ, भ जस्ता अजन्त रूपको प्रयोग गरेका छन्। व्यञ्जन ध्वनिको यस्तो प्रयोग केवल उच्चारणको सहजताका निम्ति मात्र भएको भन्ने पाणिनिको विधान छ। अष्टाध्यायीका सूत्रमा यिनलाई हल् वर्णकै रूपमा प्रयोग गरिएको छ। यसलाई सूत्रबद्ध गर्नका निम्ति यिनले (अदर्शनंलोप १।१।६०) भनेका छन्। जस्तै, एचोअयवायव (६।१।७८) सूत्रमा रूप सिद्धिका क्रममा आदेश हुने ध्वनिलाई संश्लिष्टीकृत गर्नका निम्ति 'अयवायावः' ध्वनि समुच्चयको विधान गरिएको छ। यसलाई खण्डीकरण गरे पछिको अवस्थामा मात्र कुन कुन ध्वनि आदेश हुने रहेछ र त्यसको सूत्रबद्ध रूप यस्तो हुने रहेछ भन्ने थाहा हुन आउँछ। अयवायाव : = अय्+अव्+आय्+आव् गरी खण्डीकृत अवस्थामा पुगे पछि मात्र व्यञ्जन ध्वनिको हल् रूप र त्यसको सूत्रात्मक विधानको प्रकृति बोध हुन्छ। यस प्रकारको सूत्र प्रविधिलाई जनाउनका निम्ति पणिनिले जे प्रयोगमा छैन वा जे देखिएको छैन त्यसलाई नभएको मान्नु पर्दछ 'अदर्शनंलोप' भनेका हुन्।

**नियम ४**

पाणिनिले रूप सिद्धिका निम्ति लोकबोली वा जनबोली (भर्नाकुलर) बाट सिधै तथ्य लिएका हुन्। त्यसैले रूप सिद्धिका क्रमा यिनले कुन कुन ध्वनिका बिचमा रूप सिद्धि प्रक्रिया सम्पन्न हुँदा कुन ध्वनिको लोप, आदेश, आदेश, विपर्यय हुन्छ र ती सबैलाई समेट्ने गरी नियमन विधान गर्नका निम्ति ध्वनि समुच्चयको के कस्तो क्रम आवश्यक हुन्छ भन्ने विषयलाई निकै लगन र साधनाका साथ सूत्रबद्ध गरेका छन्। कुनै एक प्रत्याहारभित्र अन्य प्रत्याहार पनि सन्निहित हुन सक्दछन् तर त्यस्ता अन्तर्निविष्ट (सन्निहित) प्रत्याहार निर्माण गर्दा रूप सिद्धि वा रूपसिद्धिका तहमा लोप, आदेश, आदेश, विपर्ययको प्रक्रिया घटित हुनुपर्छ भन्ने मान्यता रहेको छ। जस्तै :

अच् अण, इण, अक, इक, ऋक, एङ, ऐच,

माथिका प्रत्याहारहरू माहेश्वर सूत्रको क्रमागत उपस्थितिका आधारमा एक पछि अर्को गरी आएका छन् तर यी सूत्रको अवस्थिति अनुमान, हचुवा वा काल्पनिक रूपमा गरिएका थिएनन् । लौकिक संस्कृतमा प्रचलित जनबोली र रूप सिद्धिका क्रममा ध्वनिका तहमा पाइने लोप, आदेश, आदेश र विपर्ययका परिणाम हुन् ।

**निष्कर्ष**

पाणिनि पुर्वीय व्याकरण चिन्तनका विशिष्ट प्रतिभा हुन् । यिनले अष्टाध्यायी व्याकरणमा ३९९७ सूत्र विधिन गरेका छन् । यी सूत्र सहजात वा काल्पनिक निर्मिति होइनन् । तत्कालीन वैदिक संस्कृत र जनबोलीमा प्रचलनमा रहेका ध्वनि, वर्ण, रूप, रूप सिद्धि प्रक्रिया र भाषामा प्रचलनमा रहेका व्यावस्थालाई व्यारणका रूपमा यिनले नियमन गरेका हुन् । माहेश्वर सूत्र सूत्र विधानको आधारभूत सामग्री हो । यी १४ सूत्रमा स्वर र व्यञ्जन ध्वनिका अभिलक्षणगत समानताको सूक्ष्म विश्लेषण, विन्यास र नियमन छ । कुनै पनि ध्वनिलाई निराधार कुनै स्थानमा ल्याइएको छैन । हरेक ध्वनिको सूत्र विन्यासगत प्रयोजन छ । यसरी तयार गरिएका ध्वनिलाई रूप, रूपध्वनि प्रक्रिया तथा रूप सिद्धिमा मिसिन आएका ध्वनिगत अभिलक्षणका बिचको मिहिन सम्बन्ध प्रस्तुत गर्ने हेतुले नै माहेश्वर सूत्र विधान गरिएका छन् । संज्ञा सूत्र नामकरण र प्रकार्य प्रस्तुतिको प्रयोजनले गरिएको नामाङ्कन हो । यस्तो नमाङ्कन रूप सिद्धिका क्रममा सूत्रात्मक रूपले प्रयोगमा आएका छन् । यस्तो सम्बन्धको क्रमिकता पनि तथ्याधारित नियमनकै परिणाम हो । रूप सिद्धिका क्रममा ध्वनिगत मिश्रणको जटिल वा तहगत क्रिमिकताको अवस्था भएमा कुन तह पहिला र क्रमिक रूपले अन्य तह विकास हुन्छन् सोहीअनुसारले तथ्याधारित नियमन गरिएको छ । यसैका निम्ति पाणिनिले अष्टाध्यायी व्याकरणमा सूत्रहरूको प्रविष्टि क्रम निर्धारण गरेका छन् । त्यसैले प्रत्येक सूत्र परवर्ती सूत्रका निम्ति तथ्याधार हुन् किनभने कुनै पनि पूर्व उल्लिखित सूत्र परवर्ती सूत्रका निम्ति आधार बनेका हुन्छन् । समग्रमा पाणिनि भाषिक सामग्रीको सङ्कलन तथा त्यस्ता सामग्रीको विश्लेषणलाई सूत्रात्मक रूपले संलेषण गर्ने विशिष्ट क्षमता भएका प्रतिभा हुन् भने अष्टाध्यायी तथ्याधारित नियमनमा आधारित व्याकरण हो ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०५५). *समसामयिक नेपाली व्याकरण*. (दोस्रो संस्क.). विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, व्रतराज (२०६३). व्याकरणका प्रमुख अवधारणा. *नुटा जर्नल*.४ (४). पृ.८३–९१ ।

आचार्य, व्रतराज (२०७२). *पूर्वीय तथा पाश्चात्य भाषिक चिन्तन*. रत्न पुस्तक भण्डार ।

आप्टे, वामन शिवराम (सन् २००७). *संस्कृत हिन्दी कोश*. (द्वितीय संस्क.). मोतीलाल बनारसीदास ।

उपाध्याय, द्रोणकुमार (२०६५). *भाषिक चिन्तन*. यशवन्त पौडेल ।

गौतम, देवीप्रसाद र लुइटेल, खगेन्द्रप्रसाद (२०५३). *ध्वनिविज्ञान र वर्णविज्ञान*. नवीन प्रकाशन ।

गौतम, नारायणप्रसाद (२०६५). *केही वैदिक सूक्तहरूको विश्लेषण*. रत्न पुस्तक भण्डार ।

घिमिरे, जनार्दन (सन् २०१३). शब्दार्थक पाणिनीय धातु र तदनरूप पाश्चात्य प्रयोग. *प्रस्पेक्टिभ अन हाइयर एडुकेसन* (८). पृ.९६–१०१ ।

चौलागाईं, प्रेम (२०७०). पाणिनि, चम्स्की र फिल्मोरका कारकीय मान्यता. *आकुञ्चन*. ५(५). पृ.१०१–११२ ।

चौलागाईं, प्रेम (२०७२). भाषाविज्ञानको उपजीव्य ग्रन्थ : अष्टाध्यायी. आकुञ्चन.७ (७), पृ.४१–५६ ।

जोशी, श्रीसदाशिवशास्त्री र श्रीरामचन्द्रझा (सन् १९९५). *मध्यसिद्धान्तकौमुदी*. चौखम्बा अमरभारती प्रकाशन ।

ढकाल, मतिप्रसाद (२०६४). तत्सम नेपाली तद्दितान्त प्रातिपदिकमा आदि र अन्त्य स्वरको परिवर्तन. *गरिमा*.२६ (४,३०४). पृ. १०२–१०५ ।

ढकाल, दीपकप्रसाद (सन् २०२२). अष्टाध्यायी व्याकरणमा सूत्रशैली. *वाङ्मय* १८(१), पृ.२१–३० ।

द्विवेदी, कपिलदेव (सन् २०१०). *भाषविज्ञान एवं भाषाशास्त्र*. (दसौँ संस्क.). विश्वविद्यालय प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद (२०५१). *भाषाविज्ञानको रूपरेखा*. नेपाल बुक डिपो ।

पोखरेल, माधवप्रसाद (२०६४). *नेपाली ध्वनिविज्ञान र नेपालका भाषाको ध्वनि परिचय*. भुँडीपुराण प्रकाशन ।

बन्धु, चूडामणि (२०७३). *भाषाविज्ञान*. (नवौँ संस्क.). साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०७०). *भाषाविज्ञानका सम्प्रदाय*. (चौथो संस्क.). एकता बुक डिस्टिब्युटर्स प्रा.लि. ।

http ://snaskritdocument.org -3 julay. (2009).